भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# जीविकोपार्जन सहयोग विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

प्रस्तावना: प्रदेश नं. ३ प्राकृतिक श्रोत साधन, सुन्दरता र विविधतायुक्त सम्पदाले पूर्ण रहेता पनि अझं पनि कतिपय स्थानहरु भौगोलिक विकटता, चेतनाको अभाव, बजार लगायत अन्य पूर्वाधार विकासको कमी तथा सामाजिक-आर्थिक अवसरहरुको अभावमा कृषि पेशालाई एक भरपर्दो जीविकोपार्जनको श्रोतको रुपमा अपनाउन सिकिएको छैन ।भौगोलिक विकटताको अलावा सामाजिक-आर्थिक अवसरहरुको अभावमा त्यस्ता विकट क्षेत्र र त्यहाँका वासिन्दाहरु राज्यले अवैध घोषण गरेको गाँजा, अफिम जस्ता नसालु बालीहरुको उत्पादनमा समेत सहभागी हुने गरेको विभिन्न पत्रपत्रिकाहरुले उजागर गर्ने गरेको पाइन्छ । अतः यस्ता क्षेत्रहरु पहिचान गरी कृषिमा आधारित जीविकोपार्जन सहयोग विशेष कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गर्न मन्त्रालयले **"जीविकोपार्जन सहयोग विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६"** स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"जीविकोपार्जन सहयोग विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले स्वीकृत जीविकोपार्जन सहयोग विशेष कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ख) **"निर्देशनालय"** भन्नाले प्रदेश नं.३ को कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(ग) **"प्रस्ताव"** भन्नाले जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सञ्चालनका लागि प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्न पेश गरेको आवेदन र योजना सम्झनु पर्छ ।

(घ) **"प्रोत्साहन अनुदान"** भन्नाले कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक र आर्थिक साझेदारीलाई सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर ३ सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) **"विशेष क्षेत्र"** भन्नाले तुलनात्मक रुपमा विकट, बजार लगायत अन्य पुर्वाधार विकासको कमी तथा सामाजिक-आर्थिक अवसरहरुको अभाव रहेको क्षेत्र र उक्त क्षेत्रमा बसोबास गर्ने समुदाय भन्ने सम्झनु पर्छ ।

(झ) **"विज्ञ केन्द्र"** भन्नाले पशुपंक्षी तथा मत्स्य विकास निर्देशानलय अन्तर्गतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ञ) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका कृषक समूह, कृषि सहकारी, महिला समूह र सामुदायिक वनलाई सम्झनु पर्छ ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ठ) **"ज्ञान केन्द्र"** भन्नाले कृषि विकास निर्देशानलय अन्तर्गतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः

(क) विशेष क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा वसोबास गर्ने कृषक परिवारहरुको जीवनस्तरमा सुधार गर्न कृषि पेशाको व्यवसायीकरण गर्ने,

(ख) कृषि, पशुपन्छी र कृषि पर्यटनलाई जीविकोपार्जनको मुख्य पेशाको रुपमा विकास गर्ने,

(ग) रैथाने बालीहरुको संरक्षण र सम्वर्द्धन गर्दै प्राङ्गारिक तथा उच्च मूल्यका कृषि वस्तुको व्यवसायिक उत्पादनमा जोड दिने,

(घ) दिगो कृषि मार्फत वातावरण तथा मौलिक संस्कृतिको सम्वर्द्धन र उपयोग गर्ने,

(ङ) साझेदार संस्थाहरुको प्राविधिक, व्यवस्थापकीय तथा संस्थागत क्षमता विकास गर्ने।

## परिच्छेद- २
## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न तपशिल बमोजिमको मूल्याङ्कन समिति निर्देशनालयमा गठन गरिनेछः-

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको बरिष्ठ अधिकृत, कृषि विकास निर्देशनालय | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) बरिष्ठ योजना अधिकृत/ अधिकृत, कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) प्रमुख, खरिद इकाई, कृषि विकास निर्देशनालय | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले बढीमा तीन जना सम्म विषय विज्ञलाई मूल्याङ्कन समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष क्षेत्र पहिचान गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले अनुसूची -१ मा तोकिएको मूल्याङ्कन मापदण्डहरुको आधारमा मूल्याङ्कन गरी सिफारिशको लागि निर्देशनालयमा पेश गर्ने,

(ग) मूल्याङ्कन सामितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने,

(घ) सञ्चालित कार्यको अनुगमन गरी कार्यन्वयनको सम्बन्धमा मार्गदर्शन र प्राविधिक सेवा दिने ।

परिच्छेद- ३

## कार्यक्रम सञ्चालन

५. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम आ.व. २०७६/०७७ मा प्रदेश नं. ३ को धादिङ्ग, मकवानपुर र चितवन जिल्लामा सञ्चालन गरिनेछ र कार्यक्रम सञ्चालन हुने जिल्लाहरुमा उपयुक्त स्थानिय तहहरुको छनौट सरोकारवालासँगको अन्तरक्रिया बैठक र छलफलबाट निर्देशनालयले तय गर्नेछ ।

६. **प्रस्ताव आव्हानः** निर्देशनालयले इच्छुक साझेदार संस्थाबाट अनुसूची-२ बमोजिमको ढाँचामा न्यूनतम ३० (तीस) दिने म्याद दिई प्रस्ताव पेश गर्न सूचना गर्नेछ र सोही अवधिमा इच्छुक साझेदार संस्थाले अनुसूचीमा तोकिएका कागजात सहित निर्देशनालय वा कृषि ज्ञान केन्द्रमा आवेदन फारमको साथ प्रस्ताव दर्ता गर्नु पर्नेछ। आवेदन फारम र प्रस्तावको ढाँचा अनुसूची -३ र अनुसूची -४ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **प्रस्तावको संलग्न, जानकारी तथा बजेट बाँडफाँडः** ज्ञान केन्द्रमा दर्ता भएका प्रस्ताव र निवेदनहरु संलग्न गरी यथासिघ्र निर्देशनालयमा पठाउनु पर्नेछ ।निर्देशनालयले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरु र ज्ञान केन्द्रलाई गराउनु पर्नेछ ।स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधि भित्र रही निर्देशनालयले लक्ष्य निर्धारण र बजेट बाँडफाँड गरी सम्बन्धित ज्ञान केन्द्रलाई पठाउनु पर्नेछ ।

८. **सम्झौताः** (१) ज्ञान केन्द्रले छनौट भएका साझेदार संस्थाहरुलाई सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग सम्बन्धित केन्द्रले अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

९. **सञ्चालन गर्न सकिने क्रियाकलापहरुः** (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछ।

(क) बेमौसमी तरकारी खेती प्रवर्द्धन,
(ख) व्यवसायिक पुष्प खेती प्रवर्द्धन,
(ग) फलफूल खेती प्रवर्द्धन,

(घ) खाद्यान्न खेती प्रवर्द्धन,

(ङ) बाली विविधिकरण कार्यक्रम (अदुवा, बेसार, अम्रिसो, कफी, अलैंची, चिउरी, बाँस आदि),

(च) सामूहिक / सहकारी / चक्लाबन्दी खेती कार्यक्रम,

(छ) मौरी पालन/ मह उत्पादन,

(ज) च्याउ खेती प्रवर्द्धन कार्यक्रम,

(झ) ग्रिन-हाउस, प्रि-फ्याब हाउस, नेचुरेली भेन्टिलेटेड नेट हाउस, प्लाष्टिक टनेल निर्माण कार्यक्रम,

(ञ) साना सिंचाई (प्लाष्टिक पोखरी निर्माण, कुलो निर्माण, थोपा सिंचाई, लिफ्ट तथा सौर्य ),

(ट) बीउ उत्पादन कार्यक्रम,

(ठ) रैथाने बाली प्रवर्द्धन कार्यक्रम,

(ड) क्षमता अभिवृद्धि ( तालिम, गोष्ठी, भ्रमण आदी ),

(ढ) पशुपालन (बाख्रा, बंगुर, माछा र रैथाने कुखुरा, हाँस),

(ण) गोठ सुधार, पशु आहार, भुँई तथा डाले घाँस,

(त) मनपहा लूपेङ्ग संरक्षण र व्यवसायिक पालन,

(थ) नवितम प्रविधि प्रदर्शन ।

(२) उपदफा (१) मा उल्लेख क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु अनुसूची -४ अनुसारको कार्ययोजनामा अनिवार्य रुपले राखी बजेट तयार गर्नुपर्नेछ साथै माथि उल्लेखीत कृयाकलापहरुको अलावा कुनै सिर्जनात्मक तथा नविन कृयाकलाप समेत प्रस्ताव गर्न सकिनेछ।

## परिच्छेद- ४
## आर्थिक पक्ष

१०. **अभिमुखीकरण कार्यक्रमः** छनौट भएका साझेदार संस्थाहरुसँग कार्यक्रम सञ्चालन र प्रभावकारी कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्नुपर्नेछ । सो पश्चात स्वीकृत व्यवसायिक कार्ययोजनामा उल्लेखित भए बमोजिम कृषकहरुलाई ज्ञान केन्द्रले मागमा आधारित ३ दिने तालिम सञ्चालन गर्नेछ ।

११. **अनुदानः** (१) ज्ञान केन्द्रले स्वीकृत कार्ययोजना र बजेटमा चालु खर्च तर्फ असी प्रतिशत र पुँजीगत खर्चमा सत्तरी प्रतिशत सम्म अनुदान प्रदान गर्न सक्नेछ ।

(२) अनुदान प्रवाह सम्झौतामा उल्लेख भए अनुसार प्रचलित नियम कानुनको अधिनमा रही अधिकतम तीन किस्तामा उपलव्ध गराइनेछ ।प्रत्येक किस्ता अनुदान रकम बैक खाता मार्फत उपलव्ध गराइनेछ ।

(३) साझेदारी संस्थाले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ ।

परिच्छेद-५

## अनुगमन तथा मूल्याङ्कन

१२. **अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र, ज्ञान केन्द्र, मूल्याङ्कन समितिले आवश्यकता अनुसार गरिनेछ ।

(२) अनुगमन गर्दा स्वीकृत कार्य योजनाको र सूचाङ्कलाई आधार मानी गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन अनिवार्य रुपमा निर्देशनालयमा बुझाउनु पर्नेछ ।

परिच्छेद - ६

## विविध

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।

१५. **कारवाहीको व्यवस्थाः** अनुदानग्राहीले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१६. **कार्यविधि संशोधन, परिमार्जन तथा खारेजीः** मन्त्रालयले यस कार्यविधिमा निर्देशनालयको सिफारिसमा आवश्यक संशोधन, परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची - १

(दफा ४ सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनको मापदण्ड

पूर्णाङ्क: १००

उत्तीर्णाङ्क: ५०

| क्र.स. | मूल्याङ्कनको आधार | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | **लाभान्वित परिवार संख्या** | २५ | |
| १.१ | २५ भन्दा माथि | २५ | |
| १.२ | २०-२५ सम्म | २२ | |
| १.३ | २० भन्दा कम | १८ | |
| २ | **भौतिक सुविधा (सडक, सिंचाई, बिजुली, खानेपानी, टेलिफोन आदि) को अवस्था** | २५ | |
| २.१ | सबै आधारभूत भौतिक सुविधा उपलब्ध | २५ | |
| २.२ | अपर्याप्त भौतिक सुविधा | २० | |
| २.३ | आधारभूत भौतिक सुविधा उपलब्ध नरहेको | १५ | |
| ३ | **गाँजा, अफिम नसालु पदार्थ खेती नगर्ने प्रतिबद्धता** | १० | |
| ३.१ | खेती नगर्ने प्रतिबद्धता | १० | |
| ४ | **प्रस्तावको प्रकार** | १५ | |
| ४.१ | समूहिक/ सहकारी खेती | १५ | |
| ४.२ | समूह खेती | १० | |
| ४.३ | अन्य | ८ | |
| ५ | **आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सुनिश्चितता** | २५ | |
| ५.१ | व्यहोर्न सक्ने श्रोत खुलेको | २५ | |
| ५.२ | व्यहोर्न सक्ने सम्भावना देखिएको | २० | |
| ५.३ | व्यहोर्न सक्ने सम्भावना न्यून रहेको | १० | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अक प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ ।

अनुसूची -२

(दफा ६ सँग सम्बन्धित)

**जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना**

कृषि विकास निर्देशनालयको आर्थिक बर्ष.........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका स्थानहरुमा जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सञ्चालन गरी गरिवी निवारणमा टेवा पुर्याउनका लागि प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह, कृषि सहकारी, महिला समूह र सामुदायिक वनहरुलाई तीस दिनभित्र जीविकोपार्जन सहयोग विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को अनुसूची-३ अनुसारको कागजातहरु एवं अनुसूची -४ अनुसारको व्यवसायिक प्रस्ताव सहित आवेदन निर्देशनालय वा कृषि ज्ञान केन्द्रमा दर्ताका लागि सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

लागू हुने स्थानहरुः

१. ......................................................... , मकवानपुर जिल्ला

२. ..........................................................................., चितवन जिल्ला

३. ..........................................................................., धादिङ्ग जिल्ला

**पुनश्चः** जीविकोपार्जन सहयोग विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -३
(दफा ६ सँग सम्बन्धित)
**आवेदन फाराम**

श्रीमान प्रमुख ज्यू, मितिः
कृषि विकास निर्देशनालय, मकवानपुर/कृषि ज्ञान केन्द्र,.............

**विषयः** जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सञ्चालनका सम्बन्धमा ।

महोदय,
प्रस्तुत विषयमा तहाँबाट सूचना भए अनुसार जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सञ्चालन गर्नका लागि (आवेदकको नाम तथा ठेगाना) ...........................ले व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिम क्रियाकलापका लागि जम्मा रकम रु.................(अक्षरेपी रु....................................) को योजना तयार गरी आवश्यक कागजातहरु सहित पेश गरेकोले कार्यक्रममा छनौट गरिपाउँ भनी अनुरोध छ ।

**संलग्न कागजातहरुः**
१. रु. १० को टिकट टाँसेको अनुसूची-२ अनुसारको निवेदन,
२. संस्था दर्ता वा नवीकरणको प्रमाणपत्र,
३. संस्थाको निर्णयको प्रतिलिपि,
४. कार्यक्रममा आवद्ध हुने घरधुरीको नाम, परिवार संख्या, जमिनको क्षेत्रफल, लगाइने कृषि वाली वा पशुपंक्षी सम्बन्धी विवरण,
५. अनुसूची-४ अनुसारको कार्य योजना ।

निवेदकः
नामः
ठेगानाः
छापः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -४

(दफा ६ सँग सम्बन्धित)

**कार्य योजना (प्रस्ताव) को संक्षिप्त ढाँचा**

१. आवेदकको नाम र ठेगानाः

२. कार्यक्रम सञ्चालन हुने स्थानको नामः

३. सञ्चालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अवस्थाः

४. सञ्चालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरुः

क. सडकको सुविधाः .............छ, ...............छैन

ख. खानेपानीको सुविधाः...........छ, ...............छैन

ग. विद्युतको सुविधाः ............छ, ................छैन

घ. टेलिफोनको सुविधाः ..........छ, .............छैन

ङ. सिंचाईको सुविधाः .............छ, .............छैन

च. अन्य केही भए उल्लेख गर्ने.................................................

५. प्रस्तावित क्रियाकलापहरु तथा बजेटः

| क.सं. | क्रियाकलापहरु* | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

*दफा ९ मा उल्लेख भएका क्रियाकलापहरु मध्येका प्रस्तावित क्रियाकलापहरु अनिवार्य रुपमा प्रस्ताव गर्नुपर्नेछ । साथै नविन वा सिर्जनशील अन्य क्रियाकलाप समेत राख्न सकिनेछ ।

८. क्रियाकलाप कार्यन्वयन कार्ययोजनाः

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

९. कार्यक्रममा सहभागी हुनेको विवरणः

| क्र.स. | घरमूलीको नाम, थर | परिवार संख्या | क्षेत्रफल(रोपनी) | लगाइने बाली | पशुपालन |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |

<u>आवेदकको</u>

नामः

ठेगानाः

आवेदकको छापः

दस्तखतः

मिति

अनुसूची -५
(दफा ८ सँग सम्बन्धित)
<u>सम्झौता – पत्र</u>

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,..................बाट सञ्चालन गरिने चालु आ.व.................को "जीविकोपार्जन सहयोग विशेष कार्यक्रम" सञ्चालन गर्न मिति........................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको मिति..........................को निर्णयले जम्मा लागत रु................................. (अक्षरेपी ......................................................मात्र) मध्ये कार्यालयबाट अनुदान रकम रु ............................(अक्षरेपी .........................................................................मात्र) हुने गरी कृषि ज्ञान केन्द्र............. (पहिलो पक्ष भनिने), र ...................... कृषक समूह, कृषि सहकारी, महिला समूह र सामुदायिक वन (दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

<u>शर्तहरु</u>

१. यो सम्झौता-पत्र दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।
२. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए वमोजीमका कार्यहरु सम्झौता भएको मितिले सात (७) दिनभित्र शुरु गर्नुपर्नेछ ।
३. जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार तीन किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ । प्रथम किस्ता बीस प्रतिशत कार्य सकिएपछि रु. ..................... (अक्षरेपी ....................) , दोस्रो किस्ता पचास प्रतिशत कार्य सकिएपछि रु. ...................... (अक्षरेपी ......................) र अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि वार्षिक कार्ययोजना सम्पन्न भएको प्रतिवेदन तथा स्थलगत प्राविधिक निरिक्षणको आधारमा रु. .................... (अक्षरेपी ..........................................................) उपलब्ध गराइनेछ ।अनुदान बैक खाता मार्फत उपलब्ध गराइनेछ ।
४. किस्ता भुक्तानीका लागि फोटो, बील सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भएपछि स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा भुक्तानीको प्रक्रियामा ल्याउनुपर्नेछ ।
५. जीविकोपार्जन सहयोग विशेष कार्यक्रम सोही आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।
६. दोश्रो पक्षले सञ्चालन गरेका कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड कार्यक्रम स्थलमा राख्नु पर्नेछ ।
७. यो सम्झौता अनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नुपर्नेछ, नगरेमा पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुनेछैन ।
८. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
९. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ

पहिलो पक्षको तर्फबाट

नाम, थर :

पद:

दस्तखत:

मिति:

कार्यालयको नाम र छाप:

दोश्रो पक्षको तर्फबाट

नाम, थर :

पद:

दस्तखत:

मिति:

संस्थाको नाम र छाप:

साक्षीहरु

नाम, थर :

पद:

दस्तखत:

मिति:

कार्यालयको नाम र ठेगाना :

नाम, थर :

पद:

दस्तखत:

मिति:

संस्थाको नाम र ठेगाना :